# देउराली-जनता फर्मास्यूटिकल्स प्रा.लि.

६७९ बुढानिलण्ठ सडक, बांसवारी ३, पोष्ट बक्स: ४२३९, काठमाण्डौ । फोन: ४०१८७७७


**मिति: २०७७/०६/०७**

# प्रेस बिज्ञप्ति

श्री सम्पादकज्यू,

**FAVIR 200 TABLET (FAVIPIRAVIR -200MG) - औषधी यस कम्पनिले नेपालमै पहिलो पटक उत्पादन शुरु गरी उपलब्ध गराएकोले** (Investigational Drug for Emergency Use for Covid-19 Infection) **त्यसबारेको जानकारी प्रकाशनको लागि आग्रह गर्दछौं ।**

## FAVIR 200 TABLET (FAVIPIRAVIR -200MG)

विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड - १९ को कारण संसारभरको मानव समुदाय अहिले कठिन समयको सामना गरिरहेको छ । नेपालमा पनि यसको संक्रमणको दर उच्च गतिमा समुदायमा बढीरहेको छ । हाल देशका ७७ बटै जिल्लाहरुमा द्रुतरुपमा फैलिरहेको कोभिड-१९ महामारीको रोगबाट हालसम्म देशभर करीव ६६,६३२ भन्दा बढि व्यक्तिहरु संक्रमित भइसकेको र ४२९ जना व्यक्तिको दुखद निधन भईसकेको छ । यसको संकमण क्रमश: बढ्दै जाने देखिएकोले यस कठिन परिस्थितिमा सो रोगको उपचारका लागि आवश्यक औषधिहरुमध्ये **FAVIPIRAVIR ORAL TABLETS** एन्टीभाइरल औषधीलाई विश्वका धेरै मुलुकहरुले कोभिड-१९ का बिरामीहरुमा परीक्षण पश्चात प्रयोग गरिरहेका छन् । हालसम्म **FAVIPIRAVIR TAB** औषधि जापान, चिन, रसिया, अमेरिका, टर्कि, क्यानडा, भारत र बंगलादेश लगायत धेरै देशमा सरकारले कोभिड-१९ को उपचारका लागी लाई अत्याबश्यक प्रयोग गर्न **(Emergency Use under clinical studies)** अनुमती प्रदान गरीसकेका छन्।

कोभिड-१९ ले सम्पूर्ण मानवको स्वास्थ्य र अर्थतन्त्रमा नकारात्मक असर पारेको यस कठिन घडीमा बिगत तीन दशक देखी नेपालमा औषधी उत्पादन गर्ने यस कम्पनीले आफ्नो दायित्व बोधगरि कोभिड-१९बाट संक्रमित व्यक्तिलाई औषधि अभावको कारणले हतास हुन नपरोस भन्ने उद्देश्यका साथ **नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था बिभागबाट उत्पादनको अनुमति लिई नेपालमानै पहिलोपटक FAVIR 200 TABLET (FAVIPIRAVIR -200MG TAB) - औषधी उत्पादन शुरु गरीसकेको छ ।**

**कोभिड-१९ को उपचारका लागी क्लिनिकल अध्ययन प्रयोजनको लागि उपलब्ध गराउने गरि औषधि व्यवस्था बिभागबाट मिति: २०७७/०६/०६ मा स्विकृति प्राप्त भएको छ ।**

यस कम्पनीले नेपाल स्वास्थ्य अनुसन्धान परिषद (NHRC) को तत्वावधानमा कोभिड-१९ को उपचारको लागि यस औषधिलाई “Investigational Drug for Emergency Use” को अनुसन्धान गर्नकोलागि

Clinical Studies गरि त्यसको प्रभावकारीताको समेत नेपालकै बिरामीमा अध्ययन गर्न सहकार्य गर्न तैयारि समेत गरीरहेको कुरा जानकारी गराउँदछौं । **कोभिड-१९ का बिरामिहरुको उपचार/प्रयोगको लागी चिकित्सकको सिफारिस र निगरानिमा मात्र अनुसन्धानार्थ सो औषधि उपलब्ध हुनेगरि औषधि व्यवस्था बिभागबाट स्विकृति प्राप्त भएको कुरा जानकारी गराउँदछौं ।**

महामारीको यस बिषम परिस्थितिमा **FAVIR-200 TAB** (फाभिर-२००) नामक औषधिलाई नेपाली जनताको उपयोगको लागि उपलब्ध गराउन नेपाल सरकार, स्वास्थ्य मंत्रालय र औषधि व्यवस्था बिभाग र नेपाल स्वास्थ्य अनुसन्धान परिषद (NHRC) बाट माग वा निर्देशन भएमा **कोभिड-१९ का बिरामिहरुको उपचारका लागी आबश्यक मात्रामा तुरुन्तै उपलब्ध गराउन यस कम्पनिले सर्म्पूण तैयारि गरिसकेको व्यहोरा यसै बिज्ञप्ति मार्फत जानकारी गराउँदछौं ।**

**आज नेपाल यो औषधि उत्पादन गर्ने आठौ देश भएको छ । FAVIR-200 TAB नेपालमै पहिलो पटक उत्पादन गरि कोभिड-१९ बिरामीहरुको उपचारमा समेत योगदान पुर्‍याउन सकेकोमा हामि देउराली-जनता परिबार गौरवान्वित छौ ।**

यस कम्पनिमा कार्यरत स्वदेशी र विदेशी विश्वविद्यालयहरुबाट उच्च शिक्षा हासिल गरेका दक्ष **वैज्ञानिक र प्राविधिकहरुलाई यस्तो बिषम परिस्थितीमा बिगत ६ महिना देखि निरन्तर र अथक परिश्रम गरि आफ्नो व्यवसायीक जिम्मेवारी निर्बाह गर्दै यो महत्वपुर्ण औषधि नेपालि जनतालाई सिघ्र उपलब्ध गराउंन सफलता प्राप्त गरेकोमा हामि यस कार्यमा संलग्न सबै वैज्ञानिक र प्राविधिकहरु लाई हादिक धन्यबाद सहित आभार व्यक्त गर्दछौं ।**

## FAVIR 200 TAB (फाभिर २००)

**यस औषधिको बारेमा निम्न व्यक्ति र फोनमा यस कम्पनीमा सम्पर्क गर्न सकिने ब्यहोरा समेत अनुरोध गर्दछौं:**

सम्पर्क व्यक्तिको नाम:
श्री गान्धि प्रसाद शर्मा (सम्पर्क मोबाईल नम्बर: +९७७-९८०२०८८००६)
श्री शिब कुमार भण्डारि (सम्पर्क मोबाईल नम्बर: +९७७-९८०२०८८१६५)
फोन नं : ०१-४०१८७७७
**Email: info.favir@deuralijatna.com**

हालको महामारीको असर कम गर्न र महामारीलाई फैलिन नदिन हामि सबैले आ-आफनो क्षेत्रबाट योगदान गर्नु पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । हामि यही उत्तरदायित्वका साथ आफ्नो ठाँउबाट यो महामारीको प्रकोपबाट राष्ट्र र जनतालाई पर्न सक्ने प्रभाव कम गर्नका लागि अनबरत प्रयत्न गरिरहेको समेत जानकारी गराउँदछौं ।